विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः बालबालिका सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१	मा. बलावती शर्मा
२	मा. ऐन बहादुर महर
३	मा. साजिदा खातुन सिद्धिकी
४	मा. एशुदा कुमारी बराल
५	मा. कुसुम महर्जन
६	मा. गणेश बहादुर विश्वकर्मा
७	मा. भुमिका लिम्बु सुब्बा
८	मा. क्रान्तिशिखा धिताल
९	मा. सुशील खड्का
१०	मा. लिमा अधिकारी (आचार्य)
११	मा. नितिमा भण्डारी (कार्की)
१२	मा. समिक्षा बास्कोटा

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१३	मा. अनुश्का श्रेष्ठ
१४	मा. कमल सुबेदी
१५	मा. ज्ञानु पौडयाल
१६	मा. रिमा विश्वकर्मा
१७	मा. गणेश कार्की
१८	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. बिना गुरुङ्ग मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ
१९	मा. मनिष खनाल मा. सुलभ खरेल
२०	मा. रन्जु न्यौपाने

संशोधनको बेहोरा

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१.	मा. ऐन बहादुर महर	२	**मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा रहेका,** - "बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको" भन्ने शब्दहरूपछि "वा कसैले बेवारिसे फेला पारी प्रहरीमा बुझाएको" भन्ने शब्दहरू थप गर्नुपर्ने।
२.	मा. गणेश बहादुर विश्वकर्मा	२	**मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा रहेका,** - "जिल्ला प्रशासन कार्यालयबाट" भन्ने शब्दहरूको सट्टा "स्थानीय पालिकाबाट" भन्ने शब्दहरू राख्नुपर्ने। **मूल ऐनको दफा २ को खण्ड (ढ) मा रहेका,** - "बाल कल्याण अधिकारी" भन्ने शब्दहरूको सट्टा "बालअधिकार अधिकारी" भन्ने शब्दहरू राख्नुपर्ने।
३.	मा. ज्ञानु पौड्याल		
४.	मा. भुमिका लिम्बु सुब्बा	२	**मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा रहेका,** - "जिल्ला प्रशासन कार्यालयबाट" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित वडा/स्थानीय तहको बाल अधिकार समितिबाट" भन्ने शब्दहरू राख्नुपर्ने।
५.	मा. क्रान्तिशिखा धिताल	२	**मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नुपर्नेः-** "(क) "अनाथ बालबालिका" भन्नाले-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(१) बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बाबु वा आमा फेला नपरेको वा (२) अस्पताल वा स्वास्थ्य संस्था वा कुनै सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा छोडिएको र बाबु र आमा पत्ता नलागेको वा (३) बाबु र आमा दुवैको मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति नभएको भनी बाल कल्याण अधिकारी वा स्थानीय तहबाट अनाथ प्रमाणित भएका बालबालिका सम्झनु पर्छ।"
६.	मा. लिमा अधिकारी (आचार्य)	२	**<u>मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नुपर्ने</u>:-** "(क) "अनाथ बालबालिका" भन्नाले बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बाबु वा आमा फेला नपरेको वा अस्पताल वा स्वास्थ्य संस्था वा कुनै सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा छोडिएको वा बाबु र आमा पत्ता नलागेको वा बाबु र आमा दुवैको मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति नभएको भई सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालय वा बाल कल्याण अधिकारीबाट अनाथ भनी प्रमाणित गरिएको बालबालिका सम्झनुपर्छ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
७.	मा. समिक्षा बास्कोटा	२	<u>मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा रहेका,</u> - "जिल्ला प्रशासन कार्यालयबाट अनाथ भनी प्रमाणित गरेको" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारी वा जिल्ला प्रशासन कार्यालयले, जुन पहिले सम्भव हुन्छ सोबाट, अनाथ भनी प्रमाणित गरेको" भन्ने शब्दहरू राखुपर्ने। <u>मूल ऐनको दफा २ मा देहायको खण्ड (ब) थप गर्नुपर्नेः-</u> "(ब) "बाल मनोविमर्शनकर्ता" भन्नाले बालबालिकाको उमेर, मानसिक अवस्था, भावना, व्यवहार, सिकाई तथा सामाजिक विकासलाई बुझी उनीहरूमा देखिने मानसिक, भावनात्मक र व्यवहारजन्य समस्याको पहिचान, परामर्श तथा आवश्यक सहयोग प्रदान गर्ने विशेषज्ञलाई जसले शैक्षिक योग्यता, तालिम र अनुभव पूरा गरेको व्यक्ति सम्झनुपर्छ।"
८.	मा. अनुश्का श्रेष्ठ	२	<u>मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्नेः-</u> "तर अनाथ प्रमाणित गर्न निवेदन परेको मितिले तिस दिनभित्र निर्णय गरिसक्नु पर्नेछ र प्रमाणीकरणको अभावमा बालबालिकालाई यस ऐनबमोजिमको तत्काल संरक्षण, स्वास्थ्य तथा शिक्षा सेवाबाट वञ्चित गरिने छैन।" <u>मूल ऐनको दफा २ को खण्ड (ध) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ध१) पछि देहायको खण्ड (ध२) थप गर्नुपर्नेः-</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(ध२) "हल्का काम" र "जोखिमपूर्ण काम" भन्नाले बालश्रमसम्बन्धी प्रचलित कानुनबमोजिमको काम सम्झनुपर्छ।"
९.	मा. रिमा विश्वकर्मा	२	**मूल ऐनको दफा २ मा देहायको खण्ड (ब) थप गर्नुपर्नेः-** "(ब) "बाल मनोविमर्शकर्ता" भन्नाले मान्यताप्राप्त शिक्षण संस्थाबाट मनोसामाजिक परामर्श वा परामर्श विज्ञानमा स्नातक वा सोसरहको तालिम प्राप्त व्यक्ति सम्झनुपर्छ।"
१०.	मा. गणेश कार्की	२	**मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखुपर्नेः-** "(क) "अनाथ बालबालिका" भन्नाले बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बाबु र आमा पत्ता नलागेको वा बाबु र आमा हराएको वा बाबु र आमा दुबैको मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति वा उचित संरक्षणको टुङ्गो नभएको भनी स्थानीय पालिकाबाट अनाथ प्रमाणित भएका बालबालिका सम्झनुपर्छ।" **मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) पछि देहायको खण्ड (क१) थप गर्नुपर्नेः-** "(क१) "असहाय बालबालिका" भन्नाले बाबु वा आमा वा दुवै जीवित भए तापनि गरीबी, अशक्तता, गम्भीर रोग, मानसिक वा शारीरिक अवस्था, वैदेशिक रोजगारी, कारावास, बेपत्ता भएको अवस्था, पारिवारिक विखण्डन, घरेलु हिंसा वा अन्य कुनै कारणबाट बालबालिकाको उचित पालनपोषण, हेरचाह, संरक्षण वा अभिभावकीय जिम्मेवारी निर्वाह गर्न

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			नसकी बालबालिका जोखिममा परेको भनी स्थानीय पालिकाबाट असहाय प्रमाणित भएको बालबालिका सम्झनुपर्छ।"
११.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. बिना गुरुङ्ग मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	२	<u>मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नुपर्ने</u>ः- "(क) "अनाथ बालबालिका" भन्नाले बाबु र आमा दुवैको मृत्यु भएको र पालनपोषण तथा हेरचाहका लागि कुनै सम्पत्ति वा स्रोत नभएका, बाल कल्याण अधिकारी वा स्थानीय तहबाट सिफारिस भई जिल्ला प्रशासन कार्यालयबाट अनाथ प्रमाणित भएका बालबालिका सम्झनुपर्छ।" <u>मूल ऐनको दफा २ मा देहायका खण्ड (क१) र (क२) थप गर्नुपर्ने</u>ः- "(क१) अन्तरलिङ्गी बालबालिका" भन्नाले जन्म हुदाँका बखत जननेन्द्रिय, हर्मोन, क्रोमोजोम आदिका कारण बालक र बालिकाको परम्परागत परिभाषासँग मेल नभएको शारीरिक, जैविक वा प्रजननसम्बन्धी विशेषताहरू सहितको पहिचान भएका बालबालिका सम्झनुपर्छ। (क२) "परित्यक्त बालबालिका" भन्नाले अस्पताल, स्वास्थ्य संस्था वा कुनै सार्वजनिक स्थानमा प्रहरीले बेवारिसे अवस्थामा फेला पारेका र बाबु, आमा वा संरक्षकको पहिचान वा ठेगाना पत्ता नलागेका भनी बाल कल्याण अधिकारी वा स्थानीय तहबाट आवश्यक जाँचबुझ गरी सिफारिस भई जिल्ला प्रशासन कार्यालयबाट परित्यक्त प्रमाणित भएका बालबालिका सम्झनुपर्छ।"
१२.	मा. मनिष खनाल मा. सुलभ खरेल	२	<u>मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नुपर्ने</u>ः-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(क) "अनाथ बालबालिका" भन्नाले बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको र निजको बाबु वा आमा फेला नपरेको वा अस्पताल वा स्वास्थ्य संस्था वा कुनै सार्वजनिक स्थानमा बेवारिसे अवस्थामा छोडिएको वा बाबु र आमा पत्ता नलागेको वा बाबु र आमा दुवैको मृत्यु भई पालनपोषणको लागि कुनै सम्पत्ति नभएको भई स्थानीय तहबाट अनाथ भनी प्रमाणित गरेको बालबालिका सम्झनुपर्छ।"
१३.	मा. कुसुम महर्जन	३	**<u>मूल ऐनको दफा ४ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) मा रहेका,</u>** - "परिवारको अन्य सदस्य वा संरक्षकले जन्म दर्ता नगरी दिएमा" भन्ने शब्दहरूको सट्टा "परिवारको अन्य सदस्य वा संरक्षकले जन्म दर्ता गर्न नसकेमा वा नसक्ने स्थिति सिर्जना भएमा" भन्ने शब्दहरू राख्नुपर्ने।
१४.	मा. क्रान्तिशिखा धिताल	३	**<u>मूल ऐनको दफा ४ को उपदफा (३) झिकी देहायको उपदफा (३क) थप गर्नुपर्ने</u>:-** "(३क) जबरजस्ती करणीको पीडित भएकी महिलाबाट जन्मिएका बालबालिकाको हकमा आमाले चाहेमा र आमाको मृत्यु भएमा परिवारको अन्य सदस्य वा संरक्षकले आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ।" **<u>मूल ऐनको दफा ४ को उपदफा (३क) पछि देहायको उपदफा (३ख) थप गर्नुपर्ने</u>:-** "(३ख) हाडनाता करणीबाट जन्मिएका बालबालिकाको हकमा आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी, आमाको मृत्यु भएमा पहिला बाबुले बाबुको नाम मात्र उल्लेख गरी र बाबुको पनि मृत्यु भएमा परिवारको अन्य सदस्य वा संरक्षकले आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा ४ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) लाई,</u> - उपदफा (३ग) कायम गर्नुपर्ने।
१५.	मा. सुशील खड्का	३	**<u>मूल ऐनको दफा ४ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) को सुरुमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि,"
१६.	मा. नितिमा भण्डारी (कार्की)		
१७.	मा. लिमा अधिकारी (आचार्य)	३	**<u>मूल ऐनको दफा ४ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) को सट्टा देहायको उपदफा (३क) राख्नुपर्ने</u>:-** "(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना दिने व्यक्ति फेला नपरेमा वा सूचना दिन इन्कार गरेमा सम्बन्धित वडाको वडा अध्यक्ष सूचक भई जन्मदर्ता गराउनु पर्नेछ र त्यसरी वडा अध्यक्ष सूचक भई जन्मदर्ता गर्दा निवेदन प्राप्त भएको मितिले बढीमा सात दिनभित्र निःशुल्क जन्मदर्ता गरिदिनु पर्नेछ।"
१८.	मा. अनुश्का श्रेष्ठ	३	**<u>मूल ऐनको दफा ४ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) पछि देहायका उपदफा (३ख), (३ग) र (३घ) थप गर्नुपर्ने</u>:-** "(३ख) कुनै पनि निकाय वा पदाधिकारीले बाबुको नाम, विवरण वा निजको उपस्थिति नभएको आधारमा जन्मदर्ता, विद्यालय भर्ना वा परीक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा वा नागरिकता प्राप्तिका लागि आवश्यक सिफारिस तथा कागजात उपलब्ध गराउन इन्कार गर्न पाइने छैन। (३ग) आमाको नामबाट नागरिकता प्राप्त गर्ने प्रयोजनका लागि आवश्यक सिफारिस तथा कागजात सम्बन्धित स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(३घ) मन्त्रालयले नागरिकता प्राप्त गर्न नसकेका बालबालिकाको अभिलेख राखी गृह मन्त्रालयसँग समन्वय गरी सो सम्बन्धमा भएको प्रगतिको वार्षिक प्रतिवेदन परिषद्समक्ष पेस गर्नु पर्नेछ।"
१९.	मा. कमल सुबेदी	३	**मूल ऐनको दफा ४ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) पछि देहायका उपदफा (३ख) र (३ग) थप गर्नुपर्नेः-** "(३ख) जन्मदर्ता नभएको कारणले कुनै बालबालिकालाई शिक्षा, स्वास्थ्य, पोषण, सामाजिक सुरक्षा वा अन्य आधारभूत सार्वजनिक सेवाबाट वञ्चित गरिने छैन। (३ग) बाबुको पहिचान खुल्न नसकेको, बाबु सम्पर्कमा नरहेको वा अन्य कारणले बाबुको विवरण उपलब्ध हुन नसकेको अवस्थामा आमाको विवरणका आधारमा बालबालिकाको जन्मदर्ता गर्न बाधा पर्ने छैन।"
२०.	मा. ज्ञानु पौडयाल	३	**मूल ऐनको दफा ४ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) पछि देहायको उपदफा (३ख) थप गर्नुपर्नेः-** "(३ख) जन्मदर्ता गर्दा महिला, पुरुष र अन्तरलिङ्गी तीन प्रकारको लिङ्ग मध्ये एक पहिचान दिई जन्मदर्ता गरिदिनु पर्नेछ।"
२१.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. बिना गुरुङ्ग मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	३	**मूल ऐनको दफा ४ मा देहायको उपदफा (२क) थप गर्नुपर्नेः-** "(२क) अन्तरलिङ्गी बालबालिकाको जन्म दर्ता लिङ्गको महल अन्तरलिङ्गी उल्लेख गरी जन्मदर्ता गर्नु पर्नेछ।"
२२.	मा. क्रान्तिशिखा धिताल	४	**मूल ऐनको दफा ५ को उपदफा (२) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (२) मा रहेका,**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "पत्नीबाट जन्मिएको बालबालिकाहरू" भन्ने शब्दहरूको सट्टा "पत्नीका सन्तानहरू" भन्ने शब्दहरू राख्नुपर्ने।
२३.	मा. अनुश्का श्रेष्ठ	४	<u>मूल ऐनको दफा ५ को उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थप गर्नुपर्ने</u>:- "(३क) अपाङ्गता भएका, विशेष संरक्षणको आवश्यकता भएका वा सामाजिक तथा भौगोलिक रूपमा पछाडि परेका बालबालिकाको समान सहभागिता र समता कायम गर्न गरिने विशेष व्यवस्थालाई उपदफा (२) र (३) बमोजिमको भेदभाव मानिने छैन। (३ख) राज्यका निकाय, विद्यालय, स्वास्थ्य संस्था, बाल अदालत, बाल सुधार गृह तथा वैकल्पिक हेरचाह प्रदान गर्ने संस्थाले अपाङ्गता भएका बालबालिकाका लागि आवश्यक उपयुक्त अनुकूलनको व्यवस्था गर्नु पर्नेछ।"
२४.	मा. साजिदा खातुन सिद्धिकी	५	<u>मूल ऐनको दफा ७ को उपदफा (९) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (९क) मा रहेका,</u> - "कमैया श्रमिक वा कमलरीको" भन्ने शब्दहरूको सट्टा "कुनैपनि किसिमको शोषण हुनेगरी श्रमिकको" भन्ने शब्दहरू राख्नुपर्ने।
२५.	मा. गणेश बहादुर विश्वकर्मा	५	<u>विधेयकको दफा ५ को उपदफा (१) मा रहेका,</u> - "छोराछोरी" भन्ने शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नुपर्ने। <u>विधेयकको दफा ५ को उपदफा (३)</u> झिक्नुपर्ने।
२६.	मा. भुमिका लिम्बु सुब्बा	५	<u>मूल ऐनको दफा ७ को उपदफा (९) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (९क) मा रहेका,</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "कमैया श्रमिक वा कमलरीको रूपमा राख्न" भन्ने शब्दहरूको सट्टा "घरेलु कामदारका साथै अनलाईन, डिजिटल वा अन्य जोखिमपूर्ण काममा" भन्ने शब्दहरू राख्नुपर्ने।
२७.	मा. क्रान्तिशिखा धिताल	५	**<u>विधेयकको दफा ५ को उपदफा (१) मा रहेको,</u>** - "बालबालिका" भन्ने शब्दको सट्टा "सन्तान" भन्ने शब्द राख्नुपर्ने।
२८.	मा. लिमा अधिकारी (आचार्य)	५	**<u>मूल ऐनको दफा ७ को उपदफा (१०) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (११) को सट्टा देहायको उपदफा (११) राख्नुपर्ने</u>:-** "(११) कुनै संस्था वा निकायले बालबालिकालाई अध्ययन, अवलोकन, शिक्षा, खेलकुद, शैक्षिक भ्रमणसम्बन्धी वा अन्य कुनै कार्यक्रममा सहभागिताका लागि नेपाल बाहिर लैजानु परेमा त्यसरी लैजानुअगि सम्बन्धित स्थानीय तहको सिफारिसमा तोकिएको अनलाइन प्रणाली मार्फत जिल्ला प्रशासन कार्यालयबाट १५ दिनभित्र स्वीकृति लिनु पर्नेछ।"
२९.	मा. अनुश्का श्रेष्ठ	५	**<u>मूल ऐनको दफा ७ को उपदफा (९) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (९) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:-** "तर बालश्रमसम्बन्धी प्रचलित कानुनले तोकेको उमेर, समय, अवधि र सर्तको अधीनमा रही शिक्षा तथा स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी गरिने हल्का कामलाई यस उपदफाबमोजिमको उल्लङ्घन मानिने छैन।"
३०.	मा. गणेश बहादुर विश्वकर्मा	५	**<u>मूल ऐनको दफा ७ को उपदफा (९)</u>** झिकी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्ने। **<u>मूल ऐनको दफा ७ मा देहायको उपदफा (११) थप गर्नुपर्ने</u>:-**
३१.	मा. ज्ञानु पौडयाल		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(११) बालबालिकामाथि हुने हिंसा तथा दुर्व्यवहारबाट संरक्षण सुनिश्चित गर्न बाल हेल्पलाइन नेपाल १०९८ र बालबालिका खोजतलास समन्वय केन्द्र १०४ ले आवश्यक समन्वय र घटना व्यवस्थापनको कार्य गर्नेछन्।"
३२.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. बिना गुरुङ्ग मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	५	<u>मूल ऐनको दफा ७ मा देहायका उपदफा (५क) र (५ख) थप गर्नुपर्ने</u>:- "(५क) घर, विद्यालय वा अन्य कुनै पनि सार्वजनिक वा निजी स्थानमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकामाथि कुनै पनि प्रकारको बुलिङ, भेदभाव, अपमान, दुर्व्यवहार, हिंसा वा घृणाजन्य व्यवहार गर्न, गराउन वा त्यस्तो व्यवहारलाई प्रोत्साहन गर्न पाइने छैन। (५ख) बालबालिकाको लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति वा यौन अभिमुखीकरण परिवर्तन गर्ने उद्देश्यले कुनै पनि प्रकारको उपचार, अभ्यास वा अन्य कुनै कार्य गर्न, गराउन, त्यसका लागि दबाब दिन वा त्यस्तो उद्देश्यले पुनर्स्थापना केन्द्रमा राख्न पाइने छैन।"
३३.	मा. ज्ञानु पौडयाल	६	<u>मूल ऐनको दफा ११ को उपदफा (३) मा रहेका,</u> - "पीडित बालबालिकाको" भन्ने शब्दहरूपछि "बालबालिका साथै अन्तरलिङ्गी बच्चाको" भन्ने शब्दहरू थप गर्नुपर्ने।
३४.	मा. मनिष खनाल मा. सुलभ खरेल	६	<u>मूल ऐनको दफा ११ मा देहायको उपदफा (४) थप गर्नुपर्ने</u>:- "(४) कानुनको द्वन्द्वमा परेका बालबालिकाले बालबालिका रहेको अवस्थामा कानुनको उल्लङ्घनसँग सम्बन्धित निजको नाम, थर, ठेगाना, तस्बिर, श्रव्यदृश्य सामग्री, व्यक्तिगत विवरण, अभिलेख वा समाचार सामग्री कुनै पनि सञ्चार माध्यम वा विद्युतीय माध्यमबाट प्रकाशन, प्रसारण वा सार्वजनिक गर्न पाइने छैन।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
३५.	मा. अनुश्का श्रेष्ठ	७	<u>मूल ऐनको दफा १६ को उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख), (३ग) र (३घ) थप गर्नुपर्ने</u>ः- "(३क) उपदफा (३) बमोजिम उच्चतम हित निर्धारण गर्दा बाल कल्याण अधिकारीको संयोजकत्वमा बाल मनोविमर्शकर्ता, शिक्षा र स्वास्थ्य क्षेत्रका प्रतिनिधि तथा सम्बन्धित विषयमा काम गर्ने संस्थाको प्रतिनिधि रहेको समूहबाट मूल्याङ्कन गराई कारणसहितको लिखित निर्णय गर्नु पर्नेछ। (३ख) निर्णय गर्नुअगि बालबालिकाको उमेर र परिपक्वता अनुसार निजको राय लिई अभिलेख राख्नु पर्नेछ र निजले बुझ्ने भाषा र तरिकाले निर्णयको जानकारी दिनु पर्नेछ। (३ग) बालबालिकाको लैङ्गिक पहिचान, यौनिक अभिमुखीकरण, लैङ्गिक अभिव्यक्ति वा शारीरिक विशेषताको कारण निज घरबाट निकालिएको, निजमाथि हिंसा भएको वा त्यस्तो जोखिम रहेको देखिएमा सोही परिवारमा पुनःएकीकरण गरिने छैन र दफा ४९ बमोजिम उपयुक्त वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ। (३घ) वैकल्पिक हेरचाहको व्यवस्था मिलाउँदा बालबालिकाको स्व-पहिचान, गोपनीयता र सुरक्षालाई आधार मानिनेछ।"
३६.	मा. बलावती शर्मा	८	<u>मूल ऐनको दफा २४ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने</u>ः- "(६) कसुरजन्य कार्यको अभियोग लागेको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले निजको कसुर गर्दाको उमेर परिस्थिति मूल्याङ्कन गरी बाल सुधार गृह वा प्रोबेसन/प्यारोललाई प्राथमिकता दिनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
३७.	मा. गणेश बहादुर विश्वकर्मा	८	<u>मुल ऐनको दफा २४ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "अठार वर्ष हुनुभन्दा अगि कसुरजन्य कामको अभियोग लागेको बालबालिका १८ वर्ष उमेर पूरा भएपछि फेला परेमा वा १८ बर्षपछि अदालतमा हाजिर हुन आएमा बाल अदालतले यस्तो व्यक्तिलाई मुद्दाको पुर्पक्षका लागि छुटै सुधार गृहमा राखिनेछ।"
३८.	मा. लिमा अधिकारी (आचार्य)	८	<u>मूल ऐनको दफा २४ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने</u>:- "(६) अठार वर्ष पूरा भइसकेको कुनै व्यक्तिले बालबालिका छँदा कुनै कसुर गरेको रहेछ र निज उपर मुद्दा चलाउँदा वा चलाएपछि निज अठार वर्ष पूरा भइसकेको रहेछ भने पनि निजलाई यस ऐनबमोजिम बालबालिकालाई हुने सजाय नै हुनेछ। तर कसुर गर्दाको बखत निज बालबालिका नै रहेको हुनाले निजलाई साधारण कारागारमा नराखी छुट्टै सुधार गृह वा सुरक्षित थुना कक्षमा राख्नु पर्नेछ।"
३९.	मा. अनुश्का श्रेष्ठ	८	<u>मूल ऐनको दफा २४ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) मा रहेका,</u> - "प्रचलित कानुनबमोजिम धरौटी वा जमानत माग गर्न वा मुद्दाको पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिन सक्नेछ।" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानुनबमोजिम धरौटी वा जमानत माग गर्न वा मुद्दाको पुर्पक्षका लागि बाल सुधार गृहको छुट्टै कक्षमा राख्ने आदेश दिन सक्नेछ।" भन्ने शब्दहरू राखुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा २४ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर निजको उमेर एक्काइस वर्ष पूरा भइसकेको वा निजलाई बाल सुधार गृहमा राख्दा अन्य बालबालिकाको सुरक्षामा प्रतिकूल असर पर्ने देखिएमा बाल अदालतले कारण खुलाई प्रचलित कानुनबमोजिम थुनामा राख्ने आदेश दिन सक्नेछ।"
४०.	मा. कमल सुबेदी	८	**<u>मूल ऐनको दफा २४ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) पछि देहायको उपदफा (७) थप गर्नुपर्ने</u>:-** "(७) बालबालिकालाई पक्राउ, थुना वा स्वतन्त्रताबाट वञ्चित गर्ने सम्बन्धमा "अन्तिम उपाय" र "सबैभन्दा छोटो उपयुक्त अवधि" को सिद्धान्त लागु हुने तथा कुनै पनि अवस्थामा वयस्क व्यक्ति वा वयस्क कैदीसँग राखिने छैन।"
४१.	मा. ज्ञानु पौड्याल	८	**<u>मूल ऐनको दफा २४ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने</u>:-** "(६) अठार वर्ष हुनुभन्दा अगि कसुरजन्य कामको अभियोग लागेको बालबालिका १८ वर्ष उमेर पूरा भएपछि फेला परेमा वा १८ बर्षपछि अदालतमा हाजिर हुन आएमा बाल अदालतले यस्तो व्यक्तिलाई मुद्दाको पूपर्क्षको लागि छुटै सुधार गृहमा (जुन बाल सुधार गृह भन्दा छुटै संयन्त्र) राखिनेछ।"
४२.	मा. रिमा विश्वकर्मा	८	**<u>मूल ऐनको दफा २४ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "फरार भई पछि फेला परेको वा अदालतमा हाजिर भएको बालबालिकालाई धरौटी, जमानत, थुना वा कारागारमा पठाउनुअगि अदालतले निम्न आधार अनिवार्य रूपमा जाँच्नु पर्नेछः-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(क) फरार हुनुको कारण (जानीजानी बेवास्ता वा वास्तविक बाध्यता/असमर्थता), (ख) हालको आचरण, र (ग) पुनर्स्थापनाको सम्भावना।"
४३.	मा. गणेश कार्की	८	**<u>मूल ऐनको दफा २४ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखुपर्ने</u>:-** "(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसुरजन्य कार्यको अभियोग लागेको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई प्रचलित कानुनबमोजिम धरौटी वा जमानत माग गर्न वा विशेष आवासमा सुरक्षित राख्न वा मुद्दाको पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिन सक्नेछ।"
४४.	मा. कमल सुबेदी	९	**<u>मूल ऐनको दफा २६ मा देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:-** "(३) बालबालिकालाई अनुसन्धानको प्रारम्भिक चरणदेखि अन्तिम निर्णयसम्म निःशुल्क, स्वतन्त्र र योग्य कानुनी सहायता उपलब्ध गराइनेछ।"
४५.	मा. रन्जु न्यौपाने	९	**<u>मूल ऐनको दफा २६ को उपदफा (१) को खण्ड (झ) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (झ१) को सट्टा देहायको खण्ड (झ१) राखुपर्ने</u>:-** "(झ१) सुनुवाइको क्रममा मात्र नभई बालबालिकासँग प्रत्यक्ष सम्पर्कमा आउने प्रहरी कार्यालयलगायत सबै सम्बन्धित निकायमा योग्य मनोविमर्शकर्ता वा मनोसामाजिक परामर्शदाताको परामर्श सेवा प्राप्त गर्ने,"
४६.	मा. गणेश बहादुर विश्वकर्मा	१०	**<u>मूल ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा रहेका,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "एक बर्षसम्म कैद" भन्ने शब्दहरूको सट्टा "छ महिनासम्म कैद" भन्ने शब्दहरू राख्नुपर्ने। **मूल ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ग) मा रहेका,** - "जतिसुकै बिगो भएको वा जतिसुकै जरिबाना" भन्ने शब्दहरूको सट्टा "तीन वर्ष वा सो भन्दा कम कैद सजाय" भन्ने शब्दहरू राख्नुपर्ने। **विधेयकको दफा १० को उपदफा (२)** झिक्नुपर्ने।
४७.	मा. लिमा अधिकारी (आचार्य)	१०	**मूल ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा रहेका,** - "दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद हुन सक्नेमा" भन्ने शब्दहरूको सट्टा "पन्ध्र हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेमा" भन्ने शब्दहरू राख्नुपर्ने। **मूल ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ख) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (ख) मा रहेका,** - "तीस हजार रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा" भन्ने शब्दहरूको सट्टा "पचास हजार रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेमा" भन्ने शब्दहरू राख्नुपर्ने।
४८.	मा. कमल सुबेदी	१०	**मूल ऐनको दफा २७ मा देहायको उपदफा (४) थप गर्नुपर्ने:-** "(४) बालबालिकासम्बन्धी कसुरमा सम्भव भएसम्म diversion का रूपमा परामर्श, परिवारमा पुनर्स्थापना, मनोसामाजिक सहयोग, शिक्षा तथा सीप विकास, प्रोबेशन, समुदायमा आधारित सेवा, क्षतिपूर्ति तथा अन्य पुनर्स्थापकीय उपाय अवलम्बन गर्न सकिनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
४९.	मा. ज्ञानु पौड्याल	१०	<u>मूल ऐनको दफा २७ को उपदफा (१) को खण्ड (क) को सट्टा विधेयकमा प्रस्ताव गरिएको खण्ड (क) मा रहेका,</u> - "एक वर्षसम्म कैद" भन्ने शब्दहरूको सट्टा "छ महिना कैद" भन्ने शब्दहरू राखुपर्ने। <u>मूल ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखुपर्ने</u>:- "(ग) जतिसुकै बिगो भएको वा जतिसुकै जरिबाना वा "तीन वर्ष वा सोभन्दा कम कैद सजाय" हुन सक्नेमा बाल अदालतले।" <u>विधेयकको दफा १० को</u> उपदफा २ झिक्नुपर्ने।
५०.	मा. गणेश बहादुर विश्वकर्मा	११	<u>मूल ऐनको दफा २९ को उपदफा (५) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (५) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "जुनसुकै निकायले दिशान्तर गरेको भए तापनि सोको जानकारी पीडितलाई दिनु पर्नेछ।"
५१.	मा. ज्ञानु पौड्याल		
५२.	मा. कमल सुबेदी	११	<u>मूल ऐनको दफा २९ मा देहायको उपदफा (१०) थप गर्नुपर्ने</u>:- "(१०) पुनर्स्थापकीय न्यायको प्रयोग गर्दा पीडितको सुरक्षा, मर्यादा, स्वतन्त्र सहमति तथा बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्ने र यौन हिंसा, बेचबिखन वा गम्भीर शक्ति असन्तुलन भएका घटनामा जबर्जस्ती मेलमिलाप वा मध्यस्थता गर्न पाइने छैन।"
५३.	मा. कुसुम महर्जन	१२	<u>मूल ऐनको दफा ३० को उपदफा (६) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(६) कुनै कसुरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेको व्यक्ति संलग्न भएमा त्यस्तो मुद्दामा बालबालिकालाई बाल अदालतबाट र वयस्कको हकमा वयस्कका निम्ति रहेको कानुनबमोजिम कारबाही सुनुवाइ र किनारा गर्नु पर्नेछ।"
५४.	मा. सुशील खड्का	१२	**<u>मूल ऐनको दफा ३० को उपदफा (६) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखुपर्नेः-</u>** "(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कसुरजन्य कार्यमा बालबालिकासहित उमेर पुगेको व्यक्ति संलग्न भएमा त्यस्तो मुद्दा बाल अदालतबाट कारबाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ।"
५५.	मा. नितिमा भण्डारी (कार्की)		
५६.	मा. लिमा अधिकारी (आचार्य)	१२	**<u>मूल ऐनको दफा ३० को उपदफा (६) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखुपर्नेः-</u>** "(६) कुनै कसुरजन्य कार्यमा बालबालिकासहित उमेर पुगेको व्यक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट र उमेर पुगेको व्यक्तिको हकमा छुट्टै मिसिल खडा गरी सम्बन्धित अदालतबाट कारबाही, सुनुवाइ र किनारा गरिनेछ।"
५७.	मा. बलावती शर्मा	१३	**<u>मूल ऐनको दफा ३६ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (५क) मा रहेका,</u>** - "अदालतले त्यस्तो व्यक्तिलाई सजाय भएको अवधिको लागि प्रचलित कानुनबमोजिम कैदमा पठाउनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "अदालतले निजको कसुर गर्दाको उमेर परिस्थिति मूल्याङ्कन गरी बाल सुधार गृह वा प्रोबेसन/प्यारोललाई प्राथमिकता दिनेछ" भन्ने शब्दहरू राखुपर्ने।
५८.	मा. गणेश बहादुर विश्वकर्मा	१३	**<u>मूल ऐनको दफा ३६ को उपदफा (७) पछि देहायको उपदफा (८) थप गर्नुपर्नेः-</u>** "(८) बालबालिकाको यौनाङ्ग सच्याउनका निम्ति शल्यक्रिया गर्न पाइने छैन।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा ३६ को उपदफा (४) पछि देहायको उपदफा (४क) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्नेः-</u> "(४क) माथि जेसुकै व्यवस्था गरिएको भए तापनि कर्तव्य ज्यान र मुलुकी अपराध संहिता, २०७४ को दफा ४१ ले व्यवस्था गरेको जघन्य प्रकृतिको कसुरको हकमा दफा ३६ को उपदफा (४) मा भएको व्यवस्था लागु हुने छैन यस अन्तर्गत हुने कैद सजायको दुई तिहाई सजायको हकमा अदालतले तोकिएबमोजिम हुनेछ। १८ वर्ष हुनुभन्दा अगि कसुरजन्य कामको अभियोग लागेको बालबालिका १८ वर्ष उमेर पूरा भएपछि फेला परेमा वा १८ बर्षपछि अदालतमा हाजिर हुन आएमा बाल अदालतले यस्तो व्यक्तिलाई मुद्दाको पूपक्षको लागि छुटै सुधारगृहमा राखिनेछ।"
५९.	मा. लिमा अधिकारी (आचार्य)	१३	<u>मूल ऐनको दफा ३६ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (५क) को सट्टा देहायको उपदफा (५क) राखुपर्नेः-</u> "(५क) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२), (३) वा (४) बमोजिम सजाय ठहर भएको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले निजलाई भएको सजाय वा बाँकी सजाय अवधिका लागि कारागार वा तोकिएको खुला कारागार/सुधार गृहमा पठाउन सक्नेछ।"
६०.	मा. समिक्षा बास्कोटा	१३	<u>मूल ऐनको दफा ३६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्नेः-</u> "(१क) उपदफा (१) बमोजिम बाह्र वर्ष वा सोभन्दा माथि तर चौध वर्षभन्दा कम उमेरका बालबालिकाका हकमा फौजदारी कारबाही अगाडि बढाउनुअगि सम्बन्धित बाल कल्याण अधिकारी, मनोसामाजिक विज्ञ र बाल अदालतको संयुक्त प्रारम्भिक मूल्याङ्कन प्रतिवेदन अनिवार्य रूपमा लिइनु पर्नेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
६१.	मा. अनुश्का श्रेष्ठ	१३	<u>मूल ऐनको दफा ३६ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (५क) मा रहेका,</u> - "प्रचलित कानुनबमोजिम कैदमा पठाउनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "यस दफाबमोजिम निर्धारित सजायको बाँकी अवधिका लागि कैदमा पठाउनुअगि बाल मनोचिकित्सक, बाल मनोविमर्शकर्ता र सम्बन्धित बाल कल्याण अधिकारी रहेको समूहबाट निजको मानसिक स्वास्थ्य, परिपक्वता, जोखिम तथा पुनर्स्थापनाको सम्भावनाको मूल्याङ्कन गराई प्राप्त प्रतिवेदन उपर बाल अदालतबाट पुनरावलोकन गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
६२.	मा. कमल सुबेदी	१३	<u>मूल ऐनको दफा ३६ मा देहायको उपदफा (८) थप गर्नुपर्ने</u>:- "(८) चौध वर्ष उमेर पूरा नगरेको बालबालिकाले गरेको कार्यमा फौजदारी दायित्व कायम हुने छैन र त्यस्तो बालबालिकाका लागि संरक्षण, परामर्श, मनोसामाजिक सहयोग, परिवारमा पुनर्स्थापना, शिक्षा तथा सामाजिक पुनःएकीकरणका उपाय अवलम्बन गर्ने। साथै सजाय निर्धारण गर्दा बालबालिकाको उमेर, परिपक्वता, मानसिक तथा मनोसामाजिक अवस्था, पारिवारिक तथा सामाजिक परिवेश, शिक्षा र पुनर्स्थापनाको सम्भावनालाई विचार गर्ने।"
६३.	मा. ज्ञानु पौड्याल	१३	<u>मूल ऐनको दफा ३६ को उपदफा (४) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको प्रतिबन्धात्मक वाक्यांशमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- "माथि जेसुकै व्यवस्था गरिएको भए तापनि कर्तव्य ज्यान र मुलुकी अपराध संहिता, २०७४ को दफा ४१ ले व्यवस्था गरेको जघन्य प्रकृतिको कसुरको हकमा दफा ३६ को उपदफा (४ मा भएको व्यवस्था लागु हुने छैन। यसअन्तर्गत हुने कैद सजायको दुई तिहाई सजायको हकमा अदालतलबाट तोकिएबमोजिम हुनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा ३६ को उपदफा (५) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (५क) मा रहेका,</u> - "अठार वर्ष उमेर पुरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई सजाय भएको अवधिको लागि प्रचलित कानुनबमोजिम कैदमा पठाउनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "१८ वर्ष हुनुभन्दा अगि कसुरजन्य कामको अभियोग लागेको बालबालिका १८ वर्ष उमेर पूरा भएपछि फेला परेमा वा १८ बर्षपछि अदालतमा हाजिर हुन आएमा बाल अदालतले यस्तो व्यक्तिलाई मुद्दाको पूपर्क्षको लागि छुटै सुधार गृहमा (जुन बाल सुधार गृह भन्दा छुटै संयन्त्र) राखिनेछ।" भन्ने शब्दहरू राख्नुपर्ने।
६४.	मा. अनुश्का श्रेष्ठ	१४	**<u>मूल ऐनको दफा ३८ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ३८ को उपदफा (२) पछि देहायको उपदफा (२क) थप गर्नुपर्नेः-</u>** "(२क) जघन्य वा गम्भीर कसुरको हकमा सुधार अवधि घटाउने, छुट दिने वा प्यारोलको सिफारिसउपर निर्णय गर्नुअगि पीडित वा निजको परिवारलाई जानकारी गराई राय लिनुपर्नेछ र बाल अदालतले सुनुवाइ गरी कारण खुलाई निर्णय गर्नु पर्नेछ।"
६५.	मा. कमल सुबेदी	१४	**<u>मूल ऐनको दफा ३८ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ३८ को उपदफा (३) पछि देहायको उपदफा (३क) थप गर्नुपर्नेः-</u>** "(३क) बाल सुधार गृहमा रहेका बालबालिका १८ वर्ष पुगेको मात्र आधारमा स्वतः वयस्क कारागारमा स्थानान्तरण गर्न नपाइने र स्थानान्तरण आवश्यक भएमा बालबालिकाको सर्वोत्तम हित, सुरक्षा, शिक्षा, स्वास्थ्य तथा पुनर्स्थापनाको सम्भावना

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			विचार गरी सक्षम अदालतको आदेश तथा न्यायिक पुनरावलोकनका आधारमा मात्र गर्न सकिनेछ।"
६६.	मा. समिक्षा बास्कोटा	१५	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर यसरी प्रहरी हिरासतमा राख्दा त्यस्तो व्यक्तिलाई वयस्क कैदी वा थुनुवाबाट पृथक राखिनेछ र त्यस्तो हिरासत अवधि बढीमा पैंतिस दिनभन्दा बढी हुने छैन।"
६७.	मा. अनुश्का श्रेष्ठ	१५	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>:- "तर त्यसरी हिरासतमा राख्दा कुनै पनि अवस्थामा चौबिस घण्टाभन्दा बढी समयसम्म अदालतमा उपस्थित नगराई राखिने छैन र सो अवधिको गणना गर्दा हिरासतको स्थानबाट अदालतसम्म आउन जान लाग्ने समय गणना गरिने छैन।" <u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४२क. को उपदफा (२) पछि देहायका उपदफा (३), (४), (५), (६) र (७) थप गर्नुपर्ने</u>:- "(३) उपदफा (१) बमोजिम हिरासतमा राख्दा सम्बन्धित प्रहरी कार्यालयमा सो प्रयोजनका लागि छुट्याइएको छुट्टै कक्षमा राख्नुपर्नेछ र कुनै पनि अवस्थामा अन्य थुनुवा वा कैदीसँग सँगै राखिने छैन। महिला भए महिला प्रहरीको रेखदेखमा छुट्टै कक्षमा राख्नु पर्नेछ। (४) उपदफा (१) बमोजिम हिरासतमा राखेको जानकारी २४ घण्टाभित्र निजको बाबु, आमा, संरक्षक वा परिवारको सदस्य, प्रमुख जिल्ला अधिकारी र सम्बन्धित बाल अदालतलाई दिनु पर्नेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(५) उपदफा (१) बमोजिम हिरासतमा रहेको बालबालिकालाई आफूले रोजेको कानुन व्यवसायीसँग परामर्श गर्ने हक हुनेछ र निजले कानुन व्यवसायी राख्न नसकेमा प्रचलित कानुनबमोजिम निःशुल्क कानुनी सहायता उपलब्ध गराउनुपर्नेछ। कानुन व्यवसायीको उपस्थितिबिना निजको बयान वा सोधपुछ गरिने छैन। (६) हिरासतमा राख्नुअगि र हिरासतबाट छाड्दा वा अन्यत्र सार्दा निजको स्वास्थ्य परीक्षण गराई अभिलेख राख्नु पर्नेछ। (७) उपदफा (१) बमोजिम हिरासतमा राखिएका व्यक्तिको नाम, हिरासतमा राखिएको र छाडिएको मिति तथा समय, कारण, कानुनी सहायता उपलब्ध गराइएको विवरण र स्वास्थ्य परीक्षणको विवरण सहितको छुट्टै अभिलेख राखी सम्बन्धित बाल अदालत र केन्द्रीय बाल न्याय समितिलाई पठाउनु पर्नेछ।"
६८.	मा. ऐन बहादुर महर	१६	**<u>मूल ऐनको दफा ४३ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) पछि देहायको उपदफा (३ख) थप गर्नुपर्ने</u>:-** "(३ख) बालसुधार गृहमा राखिएका बालबालिकाहरूका लागि बालकक्ष स्थापना गरी मनोपरामर्श, बाल शिक्षाका साथै औपचारिक शिक्षा, पर्याप्त खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापसहित बाल सामाजिकीकरण कार्यक्रमको समेत व्यवस्था गर्नु पर्नेछ।"
६९.	मा. क्रान्तिशिखा धिताल	१६	**<u>विधेयकको दफा १६</u>** झिक्नुपर्ने।
७०.	मा. सुशील खड्का	१६	**<u>मूल ऐनको दफा ४३ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) को सट्टा देहायको उपदफा (३क) राख्नुपर्ने</u>:-**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
७१.	मा. नितिमा भण्डारी (कार्की)		"(३क) बाल सुधार गृहमा बालबालिका वा अन्य व्यक्तिको जीउज्यानमा तत्काल खतरा वा गम्भीर सम्पत्ति क्षतिको अवस्था उत्पन्न भएको र अन्य उपयुक्त नियन्त्रणका उपायहरू प्रयोग गर्दा समेत त्यस्तो अवस्था नियन्त्रण हुन नसकेको अवस्थामा मात्र सुरक्षाकर्मी प्रवेश गरी आवश्यक सुरक्षा कारबाही गर्न वा आवश्यकता र समानुपातिकताको सिद्धान्तबमोजिम अन्तिम उपायको रूपमा न्यूनतम बल प्रयोग गर्न सक्नेछ। त्यसरी बल प्रयोग गरिएको प्रत्येक घटनाको कारण, प्रयोग गरिएको बलको प्रकृति र त्यसबाट परेको असरको विवरण अभिलेख गरी चौबिस घण्टाभित्र सम्बन्धित बाल अदालतलाई जानकारी दिनु पर्नेछ।"
७२.	मा. अनुश्का श्रेष्ठ	१६	**<u>मूल ऐनको दफा ४३ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) को सट्टा देहायको उपदफा (३क) राख्नुपर्ने</u>:-** "(३क) बाल सुधार गृहमा कसैको ज्यान वा शरीरमा तत्काल गम्भीर जोखिम पर्ने अवस्था सिर्जना भई अन्य कुनै उपायबाट सो जोखिम नियन्त्रण गर्न नसकिने भएमा मात्र सम्बन्धित बाल सुधार गृहको प्रमुखको लिखित अनुरोधमा सुरक्षाकर्मी प्रवेश गरी अन्तिम उपायको रूपमा न्यूनतम बल प्रयोग गर्न सक्नेछ।" **<u>मूल ऐनको दफा ४३ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) पछि देहायका उपदफा (३ख) र (३ग) थप गर्नुपर्ने</u>:-** "(३ख) उपदफा (३क) बमोजिम बल प्रयोग गर्दा हतियार, रासायनिक पदार्थ वा विद्युतीय झट्का दिने साधनको प्रयोग गर्न पाइने छैन र कुनै पनि अवस्थामा सजायको रूपमा बल प्रयोग, एकान्त कोठामा थुन्ने कार्य वा शारीरिक बन्धन प्रयोग गर्न पाइने छैन।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(३ग) उपदफा (३क) बमोजिम बल प्रयोग भएमा सम्बन्धित बालबालिकाको तत्काल स्वास्थ्य परीक्षण गराई घटनाको लिखित अभिलेख राखी चौबीस घण्टाभित्र सम्बन्धित बाल अदालत, राष्ट्रिय बाल अधिकार परिषद् र राष्ट्रिय मानव अधिकार आयोगलाई जानकारी दिनु पर्नेछ।"
७३.	मा. ज्ञानु पौड्याल	१६	**मूल ऐनको दफा ४३ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) मा देहायका शब्दहरू थप गर्नुपर्नेः-** - "प्रहरीले बल प्रयोग गर्न पाइने छैन। तर त्यस्तो बलको प्रयोग सुधार गृहमा (१८ वर्ष पुरा गरेकालाई राखिने स्थानमा) गर्न सकिने छ।"
७४.	मा. रिमा विश्वकर्मा	१६	**मूल ऐनको दफा ४३ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) पछि देहायको उपदफा (३ख) थप गर्नुपर्नेः-** "(३ख) उपदफा (३क) बमोजिम बाल सुधार गृहमा "अन्तिम उपायको रूपमा न्यूनतम बल प्रयोग" गरिएको प्रत्येक घटना ७२ घण्टाभित्र राष्ट्रिय मानव अधिकार आयोग वा तोकिएको स्वतन्त्र निकायलाई अनिवार्य रूपमा जानकारी गराउनु पर्नेछ र सोको वार्षिक सार्वजनिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ।"
७५.	मा. गणेश कार्की	१६	**मूल ऐनको दफा ४३ को उपदफा (३) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३क) को सट्टा देहायको उपदफा (३क) राख्नुपर्नेः-** "(३क) बाल सुधार गृहमा कुनै कारण सुरक्षा कायम गर्न चुनौती देखिएमा सुरक्षाकर्मी प्रवेश गरी आवश्यक सुरक्षा कारबाही गर्न वा जीवनरक्षाको लागि बल प्रयोगको सिद्धान्तबमोजिम अन्तिम उपायको रूपमा न्यूनतम बल प्रयोग गर्न सक्नेछ।"
७६.	मा. बलावती शर्मा	१७	**मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४३क. को उपदफा (१) मा रहेका,**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित बाल अदालत वा बाल इजलास" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४३क. को उपदफा (२) मा रहेका,</u>** - "प्रमुख जिल्ला अधिकारीले" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित बाल अदालत वा बाल इजलासको आदेश वा अनुमतिमा" भन्ने शब्दहरू राख्नुपर्ने।
७७.	मा. कुसुम महर्जन	१७	**<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४३क. को उपदफा (१) मा रहेका,</u>** - "कारागारमा" भन्ने शब्दको सट्टा "१८ वर्ष उमेर पूरा गरेका बाल्यावस्थामा अपराध गरेका व्यक्तिलाई मात्र राखे नेपाल भरीको एउटा बाल सुधार गृहमा" भन्ने शब्दहरू राख्नुपर्ने।
७८.	मा. भुमिका लिम्बु सुब्बा	१७	**<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४३क. को उपदफा (१) मा रहेका,</u>** - "बाल सुधार गृहको प्रमुखले" भन्ने शब्दहरूपछि "सम्बन्धित बाल अदालत वा जिल्ला अदालतको स्वीकृतिमा र वयस्क कैदीबन्दी भन्दा छुट्टै सुरक्षित कक्षमा रहने गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
७९.	मा. लिमा अधिकारी (आचार्य)	१७	**<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४३क. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>**:- "(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर जाँचबुझ गर्दा त्यस्तो व्यक्तिलाई कारागारमा पठाउन मनासिव देखेमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			बाल अदालतको पूर्व स्वीकृति लिई त्यस्तो व्यक्तिलाई नजिकको कारागारमा पठाउन सक्नेछ।"
८०.	मा. अनुश्का श्रेष्ठ	१७	**<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४३क. को उपदफा (१) मा रहेका,</u>** - "निजको आचरणमा सकारात्मक सुधार आएको नदेखिएमा वा" भन्ने शब्दहरूको सट्टा "निजको व्यवहारबाट अन्य बालबालिकाको सुरक्षामा तत्काल जोखिम रहेको वैयक्तिक मूल्याङ्कन प्रतिवेदनबाट देखिएमा वा" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४३क. को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:-** "(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर बाल अदालतले सम्बन्धित व्यक्तिलाई कानुनी सहायता उपलब्ध गराई निजको भनाइ सुनी, बाल कल्याण अधिकारी र बाल मनोविमर्शकर्ताको वैयक्तिक मूल्याङ्कन प्रतिवेदन झिकाई कारण खुलाई आदेश दिनु पर्नेछ।" **<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा ४३क. को उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्नुपर्ने</u>:-** "(४) उपदफा (२) बमोजिमको आदेशउपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन गर्न सक्नेछ।"
८१.	मा. बलावती शर्मा	१९	**<u>मूल ऐनको दफा ४८ को उपदफा (१) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ठ१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "अटिजम भएका बालबालिका,"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
८२.	मा. गणेश बहादुर विश्वकर्मा	२०	<u>मूल ऐनको दफा ४९ को उपदफा (२) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (२क) मा रहेका,</u> - "धर्मपुत्र वा धर्मपुत्री" भन्ने शब्दहरूअगि "आन्तरिक" भन्ने शब्द थप गर्नुपर्ने।
८३.	मा. ज्ञानु पौड्याल		
८४.	मा. गणेश कार्की		
८५.	मा. कमल सुबेदी	२०	<u>मूल ऐनको दफा ४९ मा देहायको उपदफा (४) थप गर्नुपर्ने</u>:- "(४) वैकल्पिक हेरचाह आवश्यक भएका बालबालिकालाई सम्भव भएसम्म आफन्तमा आधारित हेरचाह, परिवारमा आधारित हेरचाह तथा पालनपोषण परिवारलाई प्राथमिकता दिने र संस्थागत बालगृहलाई अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गरिनेछ। प्रत्येक छ महिनामा वैकल्पिक हेरचाहको अवस्था पुनरावलोकन गरिनेछ।
८६.	मा. बलावती शर्मा	२३	<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) को खण्ड (ठ) मा रहेका,</u> - "कम्तीमा तीनजना महिला सहित" भन्ने शब्दहरूपछि "समावेशिताको आधारमा" भन्ने शब्दहरू थप गर्नुपर्ने।
८७.	मा. ऐन बहादुर महर	२३	<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) को खण्ड (ठ) मा रहेका,</u> - "बालबचाउ, बालसंरक्षण, बालविकास" भन्ने शब्दहरूपछि ",बालअधिकारकर्मी, मानव अधिकारकर्मी" भन्ने शब्दहरू र "पाँचजना" भन्ने शब्दको सट्टा "सातजना" भन्ने शब्द राख्नुपर्ने।
८८.	मा. एशुदा कुमारी बराल	२३	<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) को खण्ड (ठ) मा रहेका,</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "बालबचाउ, बालसंरक्षण, बालविकास" भन्ने शब्दहरूपछि ",बालअधिकारकर्मी, मानव अधिकारकर्मी, अपाङ्गता" भन्ने शब्दहरू र "पाँचजना" भन्ने शब्दको सट्टा "सातजना" भन्ने शब्द राख्नुपर्ने।
८९.	मा. कुसुम महर्जन	२३	<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) मा देहायका खण्डहरू थप गर्नुपर्ने</u>:- "(ग१) सहसचिव, गृह मन्त्रालय -सदस्य (ग२) सहसचिव, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय -सदस्य (ग३) सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय -सदस्य" <u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (३) को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राख्नुपर्ने</u>:- "(ख) कम्तीमा ४० वर्ष उमेर पूरा भएको, (ग) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको," <u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (३) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- "सदस्य सचिवको पदमा नियुक्तिको लागि कम्तीमा पनि ७ वर्ष बाल संरक्षणको क्षेत्रमा काम गरेको र कम्तीमा कानुन संकायमा स्नातकसम्मको अध्ययन समेत गरेको हुनु पर्नेछ।"
९०.	मा. गणेश बहादुर विश्वकर्मा	२३	<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) को खण्ड (ङ) मा रहेका,</u> - "वा कुनै कसुरमा जन्मकैद वा बिस बर्ष वा सोभन्दा बढी कैदको सजाय नपाएको" भन्ने शब्दहरू झिक्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) मा देहायका खण्ड थप गर्नुपर्ने</u>:- "(ठ१) सहसचिव, महान्यायिवक्ताको कार्यालय -सदस्य (ठ२) सहसचिव, कृषि, वन तथा पर्यावरण मन्त्रालय -सदस्य (ठ३) दलित बालबालिकाका क्षेत्रमा कार्यरत व्यक्तिहरुमध्येबाट कम्तीमा २ जना -सदस्य"
९१.	मा. क्रान्तिशिखा धिताल	२३	<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) को खण्ड (ठ) मा रहेका,</u> - "बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिताका क्षेत्रमा पाँच वर्ष काम गरेका व्यक्तिमध्येबाट" भन्ने शब्दहरूको सट्टा "बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिताका क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका व्यक्तिमध्येबाट" भन्ने शब्दहरू राखुपर्ने। <u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (३) को खण्ड (ङ) मा रहेका,</u> - "नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको वा कुनै कसुरमा जन्म कैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय नपाएको," भन्ने शब्दहरूको सट्टा "नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको वा कुनै कसुरमा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय नपाएको," भन्ने शब्दहरू राखुपर्ने। <u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (४) मा रहेका,</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "देहायको कुनै कार्य गरेमा निजलाई" भन्ने शब्दहरूको सट्टा "देहायको कुनै कार्य गरेमा वा भएमा निजलाई" भन्ने शब्दहरू राख्नुपर्ने। **मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (४) मा देहायको खण्ड (च) थप गर्नुपर्नेः-** "(च) उपदफा (३) बमोजिमका योग्यता कायम नरहेमा।"
९२.	मा. समिक्षा बास्कोटा	२३	**मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) को खण्ड (ठ) मा रहेका,** - "पाँच जना" भन्ने शब्दहरूको सट्टा "पाँच जना, जसमध्ये कम्तीमा एक जना बाल तथा किशोरकिशोरी सञ्जाल वा बाल क्लबबाट सिफारिस भई अठार वर्षमुनिका बालबालिका वा हालसालै बालबालिका रहेको युवा प्रतिनिधिको रूपमा प्रतिनिधित्व गर्ने व्यक्ति" भन्ने शब्दहरू राख्नुपर्ने।
९३.	मा. कमल सुबेदी	२३	**मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (३) पछि देहायको उपदफा (३क) थप गर्नुपर्नेः-** "(३क) राष्ट्रिय बाल अधिकार परिषद्ले प्रत्येक आर्थिक वर्षमा बाल अधिकारको अवस्था, कानुनको कार्यान्वयन, बाल संरक्षण, बाल न्याय, बजेट तथा प्राप्त उजुरीसम्बन्धी वार्षिक प्रतिवेदन सङ्घीय संसद्मा पेस गर्नु पर्नेछ।"
९४.	मा. ज्ञानु पौड्याल	२३	**मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) मा देहायका खण्ड थप गर्नुपर्नेः-** "(झ१) सह सचिव, गृह मन्त्रालय -सदस्य (झ२) बालबालिकाको प्रतिनिधि -सदस्य"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (३) को खण्ड (ङ) मा रहेका,</u> - "वा कुनै कसुरमा जन्म कैद वा २० बर्ष वा सो भन्दा बढी कैदको सजाय नपाएको" भन्ने शब्दहरू झिक्नुपर्ने।
९५.	मा. रिमा विश्वकर्मा	२३	<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) मा देहायको खण्ड थप गर्नुपर्ने</u>:- "(ठ१) कम्तीमा दुई जना १६-१८ वर्ष उमेर समूहका, विविध पृष्ठभूमिबाट प्रतिनिधित्व हुने बाल प्रतिनिधिलाई पर्यवेक्षक वा परामर्शदाता -सदस्य"
९६.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. बिना गुरुङ्ग मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	२३	<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) मा देहायको खण्ड (ञ) थप गर्नुपर्ने</u>:- "(ञ) सचिव, प्रत्येक प्रदेशका बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य" <u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (१) मा देहायका खण्डहरू थप गर्नुपर्ने</u>:- "(ञ१) गाउँपालिका महासङ्घका अध्यक्ष -सदस्य (ञ२) नगरपालिका महासङ्घका अध्यक्ष -सदस्य" <u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (३) को खण्ड (ग) मा रहेका,</u> - "स्नातक तह" भन्ने शब्दहरूको सट्टा "स्नातकोत्तर वा सो सरह" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (३) मा देहायको खण्ड (ज) थप गर्नुपर्ने</u>ः- "(ज) बाल अधिकार र बाल संरक्षण दुवै क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव भएको।" <u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने</u>ः- "(६) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः- (क) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक नीति, कानुन, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने, (ख) बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने, (ग) परिषद्को दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, (घ) नेपाल सरकारले जारी गरेका बालबालिकासँग सम्बन्धित नीति तथा कानुनको कार्यान्वयनको लागि समन्वय तथा सहकार्य गर्ने तथा कार्यान्वयन स्थितिको आवधिक समीक्षा गरी मन्त्रालयसमक्ष प्रतिवेदन पेस गर्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(ङ) नेपाल सरकारद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने, (च) नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अन्तर्गत आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने, (छ) प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने तथा समीक्षा सहितको वार्षिक प्रतिवेदन तयारीको लागि प्रदेश र स्थानीय बाल अधिकार समितिसँग समन्वय र सहजीकरण गर्ने, (ज) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने, (झ) प्रदेश र स्थानीय बाल अधिकार समितिबाट प्राप्त वार्षिक प्रतिवेदन तथा विवरण समेतको आधारमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा सार्वजनिक गर्ने, (ञ) परिषद्को कार्यालय, कर्मचारी दरबन्दी तथा जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालीम दिने तथा क्षमता अभिवृद्धि गर्ने, (ट) नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवं अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त सहायता परिचालन गरी आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(ठ) विपदका समयमा बाल संरक्षणका लागि आवश्यक समन्वय, सेवा प्रवाह अवस्थाको अनुगमन, बालबालिकाको उद्धार तथा संरक्षणको कार्य गर्ने, (ड) स्थानीय तहलाई बालमैत्री बनाउन प्रवर्द्धनात्मक तथा सहजीकरणका कार्यक्रम सञ्चालन गर्ने, (ढ) मुलुकबाहिर ओसारपसार, बेचबिखन, हिंसा, शोषणको शिकार भएका तथा बेवारिसे भएका नेपाली बालबालिकाको उद्धार, स्वदेश फिर्ती, परिवार पहिचान तथा पुनर्मिलन र पुनर्स्थापनाको कार्य गर्ने, (ण) नेपाल सरकारको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालन गर्ने, (त) बाल सुधार गृहको सञ्चालन तथा व्यवस्थापनका लागि समन्वय तथा सहजीकरण गर्ने। (थ) नेपाल सरकारको मातहतमा रहेका अस्थायी संरक्षण गृह र पुनरस्थापना केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने।" **<u>मूल ऐनको दफा ५९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ५९ को उपदफा (७) पछि देहायका उपदफा (८) र (९) थप गर्नुपर्ने</u>**:- "(८) परिषद्ले उपदफा (६) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार परिषद्को कुनै सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(९) परिषद्को बैठक छ महिनामा कम्तीमा एक पटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"
९७.	मा. ऐन बहादुर महर	२४	**विधेयकको दफा २४ को उपदफा (१)** झिक्नुपर्ने।
९८.	मा. समिक्षा बास्कोटा	२४	**मूल ऐनको दफा ६० को उपदफा (२) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (२क) पछि देहायको उपदफा (२ख) थप गर्नुपर्नेः-** "(२ख) उपदफा (२क) बमोजिमको वडा बाल अधिकार समितिको प्रभावकारी सञ्चालनका लागि सम्बन्धित स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आवश्यक बजेट तथा जनशक्तिको व्यवस्था गर्नु पर्नेछ।"
९९.	मा. कमल सुबेदी	२४	**मूल ऐनको दफा ६० मा देहायको उपदफा (४) थप गर्नुपर्नेः-** "(४) संघले राष्ट्रिय नीति, मापदण्ड, समन्वय तथा विशेषीकृत सेवा, प्रदेशले विशेषीकृत संरक्षण, पुनर्स्थापना, क्षमता विकास तथा प्राविधिक सहयोग र स्थानीय तहले स्थानीय बाल संरक्षण, केस व्यवस्थापन, आपत्कालीन संरक्षण, परिवार पुनर्मिलन तथा समुदायमा आधारित पुनर्स्थापना सम्बन्धी कार्य गर्नु पर्नेछ।"
१००.	मा. रिमा विश्वकर्मा	२४	**मूल ऐनको दफा ६० मा देहायको उपदफा (४) थप गर्नुपर्नेः-** "(४) वडा बाल अधिकार समिति, ऐन प्रारम्भ भएको मितिले बढीमा १ वर्षभित्र सबै वडामा गठन गरिसक्नु पर्नेछ र स्थानीय तहले आफ्नो वार्षिक बजेटमा बाल संरक्षण शीर्षक अनिवार्य रूपमा राख्नु पर्नेछ।"
१०१.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. बिना गुरुङ्ग	२४	**मूल ऐनको दफा ६० मा देहायको उपदफा (१क), (१ख) र (१ग) थप गर्नुपर्नेः-**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
	मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ		"(१क) प्रदेश बाल अधिकार समितिको यस ऐन तथा प्रचलित कानुनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त देहायबमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः- (क) प्रदेशस्तरमा बाल अधिकार तथा बाल संरक्षणसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि प्रदेश सरकारलाई सुझाव तथा सिफारिस गर्ने, (ख) प्रदेशभित्र बाल अधिकारको संरक्षण, प्रवर्द्धन तथा प्रचलनका लागि स्थानीय तह तथा सम्बन्धित निकायबीच आवश्यक समन्वय गर्ने, (ग) स्थानीय बाल अधिकार समिति तथा बाल कल्याण अधिकारीको क्षमता विकास तथा कार्यसम्पादन सुधारका लागि आवश्यक सहजीकरण तथा प्राविधिक सहयोग गर्ने, (घ) प्रदेशभित्र बाल अधिकारको अवस्था, बाल संरक्षणसम्बन्धी सेवा तथा वैकल्पिक हेरचाहको अवस्थाको अनुगमन तथा समीक्षा गर्ने, (ङ) एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित वा स्थानीय तहबाट समाधान हुन नसकेका बाल संरक्षणका विषयमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने, (च) विपद्, महामारी वा अन्य आपत्कालीन अवस्थामा प्रदेशस्तरमा बालबालिकाको उद्धार, संरक्षण, पारिवारिक खोज तथा पुनर्मिलन र वैकल्पिक हेरचाहका लागि आवश्यक समन्वय गर्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(छ) प्रदेशभित्र बाल अधिकार उल्लङ्घनका घटनाको अवस्था विश्लेषण गरी रोकथाम तथा नियन्त्रणका लागि सम्बन्धित निकायलाई आवश्यक सुझाव तथा सिफारिस गर्ने, (ज) बालबालिकासम्बन्धी प्रदेशस्तरीय तथ्याङ्क तथा सूचना प्रणालीको विकास तथा व्यवस्थापनमा सहयोग गर्ने, (झ) बाल अधिकार तथा बाल संरक्षणसम्बन्धी अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्ने वा गराउने, (ञ) प्रदेशमा बालमैत्री शासन, बाल सहभागिता तथा बाल संरक्षण प्रणाली सुदृढीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने, (ट) स्थानीय बाल अधिकार समिति तथा सम्बन्धित निकायबाट प्राप्त प्रतिवेदनको आधारमा प्रदेशस्तरीय वार्षिक प्रतिवेदन तयार गरी परिषद् तथा सम्बन्धित निकायमा पेस गर्ने, (ठ) प्रदेश सरकार अस्थायी संरक्षण गृह तथा पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने। (ड) परिषद् तथा प्रचलित कानुनबमोजिम तोकिएका अन्य काम गर्ने। (१ख) स्थानीय बाल अधिकार समितिको देहायबमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः- (क) बालबालिकाको हक, अधिकार तथा बाल संरक्षणसम्बन्धी प्रचलित कानुनको कार्यान्वयन तथा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि आवश्यक स्थानीय नीति, कानुन,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			योजना, कार्यक्रम तथा संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय कार्यपालिकालाई सुझाव तथा सिफारिस दिने, (ख) बाल अधिकार तथा बाल संरक्षणसम्बन्धी दीर्घकालीन तथा आवधिक नीति, योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिका लागि स्थानीय कार्यपालिकासमक्ष पेस गर्ने, (ग) स्थानीय तहभित्रका बालबालिका तथा जोखिममा रहेका, विशेष संरक्षण वा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकासम्बन्धी तथ्याङ्क तथा विवरण सङ्कलन, अद्यावधिक, अभिलेखीकरण तथा व्यवस्थापन गरी बालबालिकासम्बन्धी सूचना प्रणालीको विकास गर्ने, (घ) तथ्याङ्क तथा बाल अधिकारको अवस्थाको आधारमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न स्थानीय कार्यपालिकालाई सिफारिस गर्ने तथा स्थानीय तहबाट सञ्चालित बालबालिकासम्बन्धी नीति, योजना तथा कार्यक्रमको अनुगमन, निरीक्षण, मूल्याङ्कन र समीक्षा गर्ने, (ङ) स्थानीय तह, सरकारी वा गैरसरकारी संस्था, निजी क्षेत्र वा अन्य निकायबाट सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा, पुनर्स्थापना केन्द्र, निगरानी कक्ष तथा बालबालिकालाई अध्ययन, सीप वा व्यावसायिक तालिम दिने उद्देश्यले आवासीय सुविधासहित सञ्चालन भएका विद्यालय, छात्रावास, धार्मिक संस्था, गुम्बा, गुरुकुल, मदरसा, चर्च वा अन्य आवासीय केन्द्रको अनुगमन तथा निरीक्षण गर्ने वा गराउने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(च) बालबालिकामाथि हुने भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, बालश्रम, बालविवाह, यौन दुर्व्यवहार तथा अन्य बाल अधिकार उल्लङ्घनको रोकथाम, संरक्षण, उपचार तथा पुनर्स्थापनाका लागि आवश्यक व्यवस्था गर्ने तथा त्यस्ता घटनाबाट पीडित बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने, (छ) बाल अधिकार उल्लङ्घनसम्बन्धी सूचना, जानकारी वा उजुरी प्राप्त भएमा आवश्यक जाँचबुझ गरी सम्बोधन तथा कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, (ज) सडकमा आश्रित, जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाका लागि आवश्यक व्यवस्था तथा समन्वय गर्ने, (झ) स्थानीय तहमा बाल संरक्षण प्रणालीको विकास तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत, संस्थागत तथा भौतिक पूर्वाधारको व्यवस्था गर्न स्थानीय कार्यपालिकालाई सिफारिस गर्ने, (ञ) विपद्, महामारी वा अन्य आपत्कालीन अवस्थामा प्रभावित तथा जोखिममा परेका बालबालिकाको उद्धार, राहत, संरक्षण, पारिवारिक खोज तथा पुनर्मिलन र वैकल्पिक हेरचाहका लागि आवश्यक व्यवस्था तथा समन्वय गर्ने, (ट) बालमैत्री स्थानीय शासन तथा बालमैत्री वडा वा स्थानीय तह घोषणा गर्ने प्रक्रियामा आवश्यक प्राविधिक सहयोग गर्ने तथा सरोकारवालाको क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(ठ) बाल क्लब, बाल सञ्जाल तथा बाल सभाको गठन, सञ्चालन तथा अर्थपूर्ण बाल सहभागितालाई प्रवर्द्धन, सहजीकरण तथा अनुगमन गर्ने, (ड) स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकताका साथ समावेश गर्न पहल तथा पैरवी गर्ने, (ढ) स्थानीय तहमा बालबालिकाका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी, निजी तथा सामुदायिक निकायबीच समन्वय तथा कार्यगत एकरूपता कायम गर्न आवश्यक व्यवस्था गर्ने, (ण) बाल कल्याण अधिकारीको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने, (त) स्थानीय तहको बालबालिकाको स्थिति-पत्र तथा बाल अधिकारसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने तथा सम्बन्धित निकायमा पेस गर्ने, (थ) बाल अधिकारसम्बन्धी अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्ने वा गराउने, (द) समितिका निर्णय तथा सम्पादन भएका काम, कारबाहीको अभिलेख व्यवस्थित रूपमा राख्ने, (ध) स्थानीय कार्यपालिकाले तोकेका तथा बाल अधिकारको संरक्षण र प्रवर्द्धनसँग सम्बन्धित अन्य काम गर्ने वा गराउने। (१ग) वडा बाल अधिकार समितिको देहायबमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(क) वडाभित्रका बालबालिका तथा जोखिममा रहेका, विशेष संरक्षण वा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क तथा विवरण सङ्कलन गरी अद्यावधिक राख्ने र सम्बन्धित निकायमा उपलब्ध गराउने, (ख) वडाभित्र बाल अधिकारको अवस्था तथा विद्यालय जाने उमेरका बालबालिकाको विद्यालय भर्ना, अध्ययनको निरन्तरता र कानुन विपरीत बालश्रममा संलग्न भए नभएको नियमित अनुगमन गर्ने वा गराउने, र कानुन विपरित भएको स्थानीय बालअधिकार समिति वा नेपाल प्रहरी वा अन्य सम्बन्धित निकायमा भए कानुनी कार्वाहीका लागि सिफारिस गर्ने (ग) वडाभित्र बालबालिकालाई श्रममा लगाउने रोजगारदाताको प्रचलित कानुनबमोजिम विवरण सङ्कलन तथा सूचीकरण गरी अभिलेख राखी सम्बन्धित स्थानीय तहमा पठाउने (घ) वडाको योजना, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बालबालिकाका विषयलाई प्राथमिकतामा समावेश गर्न वडा समितिलाई सुझाव तथा प्राविधिक सहयोग दिने, (ङ) बाल अधिकार, बाल संरक्षण तथा बाल सहभागितासम्बन्धी सचेतना, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने वा गराउने, (च) वडामा सञ्चालित बाल अधिकार तथा बाल संरक्षणसम्बन्धी कार्यक्रमको कार्यान्वयनको अनुगमन गरी आवश्यक सुझावसहितको प्रतिवेदन स्थानीय बाल अधिकार समिति तथा सम्बन्धित निकायमा पेस गर्ने,

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			(छ) बाल अधिकार उल्लङ्घन, जोखिम वा संरक्षणको आवश्यकता सम्बन्धी सूचना वा उजुरी प्राप्त भएमा तत्काल बाल कल्याण अधिकारी वा सम्बन्धित निकायलाई जानकारी गराई उद्धार तथा संरक्षणका लागि आवश्यक समन्वय गर्ने, (ज) विपद् वा अन्य आपत्कालीन अवस्थामा प्रभावित तथा जोखिममा परेका बालबालिकाको पहिचान गरी उद्धार तथा संरक्षणका लागि तत्काल आवश्यक समन्वय गर्ने, (झ) वडालाई बालमैत्री बनाउने तथा बालमैत्री वडा घोषणा गर्ने प्रक्रियामा सहयोग गर्ने, (ञ) वडा तहको योजना तथा कार्यक्रम निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न बाल भेला, बालसभा वा अन्य उपयुक्त माध्यमको आयोजना तथा सहजीकरण गर्ने, (ट) सार्वजनिक सुनुवाइ लगायतका सार्वजनिक जवाफदेहिताका प्रक्रियामा वडाबाट बाल अधिकारका क्षेत्रमा भएका काम तथा प्रगतिको विवरण प्रस्तुत गर्ने, (ठ) समितिका निर्णय तथा सम्पादन भएका काम, कारबाहीको अभिलेख व्यवस्थित तथा सुरक्षित रूपमा राख्ने, (ड) स्थानीय बाल अधिकार समिति, स्थानीय तह वा प्रचलित कानुनबमोजिम तोकिएका अन्य काम गर्ने वा गराउने।"
१०२.	मा. भुमिका लिम्बु सुब्बा	२५	**विधेयकको दफा २५ को उपदफा (२) मा रहेका,**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "बाल अदालत" भन्ने शब्दहरूपछि "र बाल अदालत गठन नभएसम्म सम्बन्धित जिल्ला अदालत" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१०३.	मा. गणेश बहादुर विश्वकर्मा	२६	<u>मूल ऐनको दफा ६६ को उपदफा (२) मा थप गर्न प्रस्ताव गरिएको खण्ड (त२) पछि देहायको खण्ड (त३) थप गर्नुपर्ने</u>:- "(त३) बालबालिकालाई इन्टरनेट तथा अनलाइनमा हुने यौनजन्य दुर्व्यवहार, शोषण गर्न गराउन नहुने।"
१०४.	मा. भुमिका लिम्बु सुब्बा	२६	<u>विधेयकको दफा २६ को उपदफा (१) मा रहेको,</u> - "डिजिटल" भन्ने शब्दको सट्टा "अनलाइन/डिजिटल माध्यमबाट साइबर बुलिङ, ब्ल्याकमेलिङ, एआई (AI) वा डिजिटल प्रविधि" भन्ने शब्दहरू राख्नुपर्ने।
१०५.	मा. लिमा अधिकारी (आचार्य)	२६	<u>मूल ऐनको दफा ६६ को उपदफा (२) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्नुपर्ने</u>:- "(च) बालबालिकालाई छापा वा अन्य कुनै विद्युतीय, डिजिटल, एआई (कृत्रिम बौद्धिकता) वा सामाजिक सञ्जालको माध्यमबाट तस्बिर वा भिडियो खिची वा प्रचार-प्रसार गरी वा अन्य कुनै किसिमले निजको गोपनीयता भङ्ग गर्ने वा मानमर्दन गर्ने गराउने,"
१०६.	मा. अनुश्का श्रेष्ठ	२६	<u>मूल ऐनको दफा ६६ को उपदफा (२) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (त२) को सट्टा देहायको खण्ड (त२) राख्नुपर्ने</u>:- "(त२) बालबालिकाको ज्यान जोखिममा पर्ने वा शारीरिक कार्यमा तत्काल गम्भीर असर पर्ने अवस्थामा नेपाल सरकारबाट मान्यताप्राप्त चिकित्सक समूहको लिखित सिफारिस र अभिलेखबमोजिम गरिएको

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			उपचार बाहेक अन्तरलिङ्गी बालबालिकाको लिङ्ग सुधार वा लिङ्ग निर्धारण गर्ने शल्यक्रिया गर्ने,"
			<u>मूल ऐनको दफा ६६ को उपदफा (२) मा देहायको खण्ड (थ१) थप गर्नुपर्ने</u>:-
			"(थ१) दफा ११ विपरीत कसुरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको पहिचान खुल्ने विवरण, तस्बिर, अडियो वा भिडियो प्रकाशन, प्रसारण, सम्प्रेषण वा सार्वजनिक गर्ने।"
१०७.	मा. ज्ञानु पौडयाल	२६	**<u>मूल ऐनको दफा ६६ को उपदफा (२) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (त२) को सट्टा देहायको खण्ड (त२) राखुपर्ने</u>:-**
			"(त२) स्वास्थ्य जोखिमको कारण उपचार आवश्यक भएकोमा बाहेक अन्तरलिङ्गी बालबालिकाको लिङ्ग सुधार वा लिङ्ग निर्धारण गर्ने शल्यक्रिया नगर्ने,"
			<u>मूल ऐनको दफा ६६ को उपदफा (२) मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (त२) पछि देहायको खण्ड (त३) थप गर्नुपर्ने</u>:-
			"(त३) बालबालिकालाई इन्टरनेट तथा अनलाइनमा हुने यौनजन्य दुर्व्यवहार, शोषण गर्न गराउन नहुने।"
१०८.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. बिना गुरुङ्ग मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	२६	**<u>मूल ऐनको दफा ६६ को उपदफा (२) मा देहायको खण्ड (घ१) थप गर्नुपर्ने</u>:-**
			"(घ१) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकामाथि कुनै पनि प्रकारको बुलिङ, भेदभाव, अपमान, दुर्व्यवहार वा घृणाजन्य व्यवहार गर्ने, गराउने वा त्यस्तो व्यवहारलाई प्रोत्साहन गर्ने,"
			<u>मूल ऐनको दफा ६६ को उपदफा (२) को खण्ड (द) पछि देहायको खण्ड (ध) थप गर्नुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(ध) घरेलु कामदार वा कमलरी राख्ने वा प्रचलित कानुन विपरीत बालबालिकालाई श्रममा लगाउने।
१०९.	मा. गणेश बहादुर विश्वकर्मा	२७	<u>मूल ऐनको दफा ६९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ६९ मा रहेको,</u> - "अस्थायी" भन्ने शब्द झिक्नुपर्ने। <u>मूल ऐनको दफा ६९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ६९ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:- "(३) विशेष संरक्षणको अवश्यकता भएका बालबालिकाका निम्ति तोकिएबमोजिमको प्रेषण प्रणालीको व्यवस्था हुनेछ। प्रेषण प्रणालीको कार्यप्रणाली कार्यविधि निर्माण गरि व्यवस्था गरिनेछ।"
११०.	मा. लिमा अधिकारी (आचार्य)	२७	<u>मूल ऐनको दफा ६९ को सट्टा विधेयकमा प्रस्ताव गरिएको दफा ६९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, राहत तथा पुनर्स्थापनाका लागि तोकिएबमोजिमको अस्थायी संरक्षण सेवा सञ्चालन गरिनेछ। यसरी अस्थायी संरक्षण सेवा सञ्चालनका लागि प्रत्येक स्थानीय तहले आफ्नो वार्षिक बजेटको न्यूनतम तोकिएबमोजिमको प्रतिशत रकम बाल संरक्षण कोषमा विनियोजन गर्नु पर्नेछ।"
१११.	मा. क्रान्तिशिखा धिताल	२९	<u>मूल ऐनको दफा ७२ को उपदफा (३) को खण्ड (क) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (क१) को सट्टा देहायको खण्ड (क१) राख्नुपर्ने</u>:- "(क१) दफा ६६ को उपदफा (२) को खण्ड (त१) बमोजिमको कुनै कार्य गरेमा एक वर्षसम्म कैद र दुई लाख रुपैयाँसम्म जराबाना," <u>मूल ऐनको दफा ७२ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(६) यस ऐनबमोजिम एक पटक सजाय पाएको व्यक्तिले पुनः त्यस्तो कार्य गरेमा निजलाई यस दफाबमोजिम हुने सजायको दोब्बर सजाय हुनेछ।"
११२.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. बिना गुरुङ्ग मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	२९	<u>विधेयकको दफा २९ को उपदफा (१) मा रहेका,</u> - खण्ड "(घ)" भन्ने शब्दहरूको सट्टा खण्ड "(घ), (घ१)" भन्ने शब्दहरू राख्नुपर्ने। <u>मूल ऐनको दफा ७२ को उपदफा (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने</u>:- "(ख) दफा ६६ को उपदफा (२) को खण्ड (छ), (ञ), (ट), (ठ), (ड), (ण), (थ) वा (ध) वा उपदफा (३) को खण्ड (क), (ख), (ग), (ङ), (च) वा (ञ) बमोजिमको कुनै कार्य गरेमा पचहत्तर हजार रूपैयाँ सम्म जरिबाना र तीन वर्षसम्म कैद,"
११३.	मा. कमल सुबेदी	३०	<u>मूल ऐनको दफा ७३ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (५) पछि देहायको उपदफा (५क) थप गर्नुपर्ने</u>:- "(५क) क्षतिपूर्तिमा शिक्षा, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पुनर्स्थापना तथा सामाजिक पुनःएकीकरणमा लाग्ने आवश्यक खर्चसमेत समावेश गर्न सकिने तथा क्षतिपूर्ति बालबालिकाको सर्वोत्तम हितमा प्रयोग हुने सुनिश्चित गर्नु पर्नेछ।"
११४.	मा. रिमा विश्वकर्मा	३०	<u>मूल ऐनको दफा ७३ मा देहायको उपदफा (६) थप गर्नुपर्ने</u>:- "(६) बाल कोष र पीडित राहत कोषको वार्षिक स्रोत सुनिश्चित गर्न असुल भएको जरिवाना रकमको निश्चित प्रतिशत सोझै सम्बन्धित कोषमा जम्मा हुनेछ।"
११५.	मा. सुशील खड्का	३१	<u>विधेयकको दफा ३१ को दफाशीर्षकपछि उल्लिखित बेहाराको सट्टा देहायको बेहोरा राख्नुपर्ने</u>:-

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"मूल ऐनको ठाउँ ठाउँमा रहेका "बाल मनोविज्ञ" भन्ने शब्दहरूको सट्टा "बाल मनोविज्ञ वा बाल मनोविमर्शकर्ता" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।"
११६.	मा. भुमिका श्रेष्ठ मा. सुष्मा स्वर्णकार (डिम्पल) मा. बिना गुरुङ्ग मा. सृष्टि भट्टराई मा. सुजाता तामाङ	३१	**<u>विधेयकको दफा ३१ को दफाशीर्षकपछि उल्लिखित बेहारालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप गर्नुपर्ने</u>:-** "(२) मूल ऐनको ठाउँ ठाउँमा रहेका "समाजसेवी" भन्ने शब्दहरूको सट्टा "बाल अधिकार सहजकर्ता" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ।

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ११६ सम्मको संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख